# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, भाद्र ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क २८

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

### पर्यटन तथा संस्कृती मन्त्रालयको सूचना

## होमस्टे सञ्चालन तथा व्यवस्थापन (दोश्रो संशोधन) कार्यविधि, २०७९

होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आन्तरिक मामिला तथा ... न्त्रालय, प्रदेश नं. १

पर्यटन विकास ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "होमस्टे सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ११ मा संशोधनः** होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ११ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) होमस्टेको अवधि एक वर्षको हुनेछ र त्यस्तो अवधि भुक्तान भएको दुई महिना भित्रमा नवीकरणको लागि मन्त्रालयसमक्ष दरखास्त दिनु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) राखिएको छः

"(१क) उपदफा (१) बमोजिम नवीकरणको लागि देहायको कागजात संलग्न गरी निजी होमस्टेको हकमा पाँचसय रुपैयाँ र सामुदायिक होमस्टेको हकमा प्रतिघर एकसय रुपैयाँका दरले हुन आउने एकमुष्ट रकम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

नवीकरण दस्तुर सहित विद्युतीय माध्यम मार्फत वा सोझै अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।"

(क) अघिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन,

(ख) कर चुक्ता प्रमाणपत्र,

(ग) अनुसूची ५ बमोजिमको ढाँचामा वार्षिक प्रगती प्रतिवेदन र

(घ) सामुदायिक होमस्टेको हकमा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि।

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः

"(३) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र नवीकरण हुन नसकेका होमस्टेले नवीकरण गर्न मन्त्रालयमा निवेदन दिएमा म्याद समाप्त भएपछिको ४ महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत र त्यस पछिको छ महिना नवीकरण दस्तुरको शत प्रतिशत दस्तुर लिई नविकरण गर्न सकिनेछ। सो अवधिभित्र पनि नवीकरण नगर्ने होमस्टे स्वत: खारेज हुनेछ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि बमोजिम दर्ता भई हालसम्म नवीकरण हुन नसकेका होमस्टेले नवीकरणको लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सम्वत २०७९ साल फागुन मसान्तसम्ममा मन्त्रालयमा निवेदन दिएमा प्रत्येक वर्षका लागि नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई मन्त्रालयले एकपटकको लागि नवीकरण गर्न सक्नेछ।"

३. <u>मुल कार्यविधिको दफा १३ मा संशोधनः</u> मूल कार्यविधिको दफा १३ को,-

(१) उपदफा (४) पछि देहाय बमोजिमको उपदफा (५) र उपदफा (६) राखिएको छः

"(५) यस कार्यविधि बमोजिम दर्ता भएको कुनै होमस्टे स्वेच्छाले बन्द गर्न चाहेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित तिर्नु बुझाउनु पर्ने राजस्व जम्मा गरी बन्द गर्नु पर्ने कारण खुलाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा मन्त्रालयले उक्त होमस्टेले दाखिला गर्नुपर्ने राजस्व दाखिला गरे नगरेको एकिन गरी दाखिला गर्न बाँकी रहेछ भने दाखिला गर्न लगाई होमस्टे बन्द गरी सो को अभिलेख अद्यावधिक गर्नुपर्नेछ।"

प्रकाशन मितिः- २०७९/०६/२५

आज्ञाले,
विनोद कुमार दाहाल
नि. प्रदेश सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**